मधेश प्रदेश सरकार
# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
## जनकपुरधाम, धनुषा, नेपाल
(प्रशासन शाखा)

पत्र संख्या:२०८३।०८४
च.नं.: ३३७

मितिः २०८३।०४।२२

**विषयः सेवाकालीन तालिमका लागि कर्मचारी मनोनयन सम्बन्धी सूचना।**

श्री स्थानीय तह (सबै),
मधेश प्रदेश।

प्रस्तुत विषयमा प्रदेश अनुसन्धान तथा प्रशिक्षण केन्द्र (PRTC), जनकपुरधामको स्वीकृत वार्षिक कार्यक्रम तथा मिति २०८३/०४/१३ को सञ्चालक समितिको निर्णयानुसार मधेश प्रदेश अन्तर्गतका स्थानीय तहहरूमा कार्यरत सबै सेवा/समूहका सहायक चौथो तहका स्थायी कर्मचारीहरूका लागि ३० (तीस) कार्यदिनको "सेवाकालीन तालिम" सञ्चालन हुन गइरहेको छ।
सो तालिममा सहभागी हुन इच्छुक तथा योग्य कर्मचारीहरूलाई मनोनयन गरी पठाउनुपर्ने भएकाले तहाँ स्थानीय तहहरुमा कार्यरत योग्यता पुगेका स्थायी कर्मचारीहरूलाई सिफारिस गरी तोकिएको म्यादभित्र यस कार्यालयमा पठाइदिनुहुन निर्णयानुसार अनुरोध छ। साथै, मनोनयन फारम यसै पत्रसाथ संलग्न गरिएको छ।

**उम्मेदवारको योग्यता तथा सर्तहरू:**

१. मधेश प्रदेश अन्तर्गतका स्थानीय तहमा स्थायी सेवामा कार्यरत सहायक चौथो तहको कर्मचारी हुनुपर्ने।
२. यसअघि सोही प्रकृतिको सेवाकालीन तालिम नलिएको हुनुपर्ने।
३. २ (दुई) वर्ष स्थायी सेवा अवधि पूरा भएको हुनुपर्ने।

**पेश गर्नुपर्ने आवश्यक कागजातहरू:**

१. सम्बन्धित स्थानीय तहको सिफारिस पत्र
२. मनोनयन फारम
३. हालको पदको स्थायी नियुक्ति पत्रको प्रमाणित प्रतिलिपि
४. अद्यावधिक वैयक्तिक विवरण (PIS)

**आवेदन/सिफारिस पठाउने माध्यम र अन्तिम मिति:**

बुझाउने अन्तिम मितिः मिति २०८३/०५/१५ गते कार्यालय समयभित्र।
पेश गर्ने माध्यमः मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, जनकपुरधाममा सोझै वा कार्यालयको इमेल ocmcm@p2.gov.np मार्फत।

पुनश्चः निर्धारित समयभित्र प्राप्त हुन आएका सिफारिसहरू मध्येबाट जेष्ठताका आधारमा ७० (सत्तरी) जना मुख्य र ५ (पाँच) जना वैकल्पिक उम्मेदवारहरूको छनोट गरी तालिम सञ्चालनका लागि प्रदेश अनुसन्धान तथा प्रशिक्षण केन्द्र (PRTC) मा पठाइनेछ।

(विद्या तामाङ)
शाखा अधिकृत

**बोधार्थ तथा कार्यार्थः**

श्री प्रदेश अनुसन्धान तथा प्रशिक्षण केन्द्र (PRTC), जनकपुरधाम, मधेश प्रदेश।
श्री प्रशासन शाखा (सूचना प्रविधि हेर्ने फाँट), मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, मधेश प्रदेशः सबै स्थानीय तहहरुमामा ईमेल गरी कार्यालयको वेबसाइटमा राख्नुहुन।

मधेश प्रदेश सरकार
प्रदेश अनुसन्धान तथा प्रशिक्षण केन्द्र
मधेश प्रदेश
जनकपुरधाम, धनुषा, नेपाल
फोन नं.- ०४१-४२४१८३/४२४१८४
इमेल-rdtcjnk2007@gmail.com
वेबसाईट-prtc.madhesh.gov.np

# प्रशिक्षार्थी मनोनयन फाराम

दुवै कान देखिने गरी मुखाकृति सहितको हालसालै खिचिएको पासपोर्ट आकारको तस्विर

**१.कर्मचारीको व्यक्तिगत विवरण**

क. नाम -
ख.कर्मचारी संकेत नं -
ग. इमेल ठेगाना-
घ.मोबाइल नम्बर-
ङ.जन्म मिति -
च. शैक्षिक योग्यता(उच्चतम मात्र)-
छ. स्थायी ठेगाना-

**२. नोकरी विवरण**

क. कार्यरत कार्यालयको नाम -
ख.शाखा/ फाँट-
ग.कार्यालयको ठेगाना -
घ.फोन नम्बर-
ङ. हाल बहाल रहेको पदको विवरणः
अ) पदः आ) तह/श्रेणीः इ) सेवाः ई) समुहः
च. हालको पदमा नियुक्ति ,स्तरवृद्धिवा बढुवा भएको मिति-
छ. सेवा प्रवेश गरेको पदको विवरण
अ) पदः आ) तह/श्रेणीः इ) सेवाः ई) समुहः
उ) नियुक्ति मितिः
ज. हालको बहाल पद भन्दा तल्लो तहको निजामति सेवाको पदको विवरण
अ) पदः आ) तह/श्रेणीः इ) सेवाः ई) समुहः
उ) नियुक्ति मितिः
झ. आफुले गर्नुपर्ने मुख्य मुख्य कार्यहरु-

**३.प्रशिक्षण सम्वन्धि विवरण**

हालको पद/ श्रेणी/ तहमा हुँदा पहिले कुनै प्रशिक्षण लिएको भए-

क. प्रशिक्षण विषय शिर्षक-
ख. प्रशिक्षणको अवधि-
ग. प्रशिक्षण दिने संस्था र मुलुक-

कर्मचारीको सही-

प्रशिक्षणका लागि सिफारिश गर्ने कार्यालय प्रमुखको सही

नाम-

पद-

कार्यालयको छाप-

कार्यालय-

मिति-